# जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने

# सम्बन्धमा जानकारी

घर परिवारमा कुनै पनि व्यक्तिको जन्म, मृत्यु, विवाह, नाता प्रमाणित, बसाइँ सराइँ, सम्बन्ध विच्छेद भएको अवस्थामा घर परिवारको मूल व्यक्तिले वा स्वयम् आफै गई आफू बसोबास गरेको सम्बन्धित गा.वि.स वा नगरपालिका कार्यालयमा रहेको पंजिकाधिकारी (रजिस्टार) को कार्यालयमा आफ्नो व्यक्तिगत घटना अनिवार्य दर्ता गराउनु पर्छ। यसरी घटना दर्ता गराएको खण्डमा व्यक्तिको आफ्नो अधिकार सुरक्षित हुन्छ।

व्यक्तिगत घटना अन्तर्गत निम्न घटनाहरू पर्दछन्

१. जन्म दर्ता
२. बसाइँ सराइँ दर्ता
३. विवाह दर्ता
४. मृत्यु दर्ता
५. सम्बन्ध विच्छेद दर्ता
६. नाता प्रमाणित दर्ता

**जन्मदर्ता :** कुनै पनि बाबु आमाले आफ्नो सन्तान जन्माइसकेपछि तिनीहरुको अधिकारको सुरक्षित गर्न, पालन-पोषण, हेरविचार, शिक्षादीक्षाको राम्रो व्यवस्था गर्नको लागि अभिभावकले जन्मेको बच्चाको ३५ दिन भित्र जन्म दर्ता गराउनु पर्छ। यदि उक्त म्याद भित्र दर्ता नगरेमा जरिवाना तिरी जन्म दर्ता गर्न पाईन्छ।

## जन्म दर्ता गराउन किन आवश्यक छ ?

- बालबालिकाको जन्म मितीको निश्चितता हुन्छ।
- जन्मेको बच्चाको नाता किटान गर्न सजिलो हुन्छ।
- कानुनी तथा पारिवारिक अधिकारहरु सुनिश्चितता हुन्छ।
- राष्ट्रको वास्तविक बालबालिकाहरुको जनसंख्याको तथ्यांक राख्न सरल हुनेछ।
- बाल न्याय प्राप्त गर्न सरल हुन्छ।
- शोषण तथा दुर्व्यवहारबाट संरक्षण प्राप्त गर्न सकिन्छ।
- विद्यालय भर्ना गर्न जन्म दर्ता आवश्यक हुन्छ।
- नागरिकता लिन जन्म दर्ता अति आवश्यक हुन्छ।
- सम्बन्धित स्थानीय निकायमा बालबालिकाहरूको जन्मको तथ्याङ्क राख्न सजिलो हुन्छ।

## बसाई सराई दर्ता

कुनै पनि नेपाली नागरिकले आफ्नो देशभित्र एक ठाउँबाट अर्को ठाउँमा घर जग्गा खरिद गरी स्थायी बसोबास गर्न सक्ने छन्। यदि कसैले एउटा जिल्लाबाट अर्को जिल्लामा बसाइँ सराइँ गरेको छ भने त्यस्तो अवस्थामा आफूले पहिले बस्दै आएको जिल्लाबाट बसाइँ सराइँको कागज बनाई जुन जिल्लामा स्थायी बसोबास गर्न लागेको हो, त्यस जिल्लाको सम्बन्धित गा.वि.स वा नगरपालिका वा वडा कार्यालयमा सो कागज बुझाउनु पर्छ। यसपछि स्थायी बसोबास गरेको प्रमाण लिनु पर्छ।

## बसाई सराई दर्ता किन आवश्यक छ ?

- बसाइँ सराइँको दर्ता गरिएमा त्यस क्षेत्रको स्थानीय बासिन्दाको आधारमा पाउनु पर्ने सुविधा सहुलियत सजिलैसित प्राप्त गर्न सकिने छ।
- स्थानीय बासिन्दाको आधारमा सम्बन्धित जिल्लाबाट नागरिकता प्राप्त गर्न सकिने छ।
- सो जिल्लाको मतदाता नामावलीमा नाम समावेश गर्न सकिने छ।
- स्थानीय निकायको चुनावमा भाग लिन सकिने छ।
- सम्बन्धित जिल्लाबाट राहदानी बनाउन सकिने छ।

## विवाह दर्ता

कुनै पनि उमेर पुगेका महिला र पुरुषले आफ्नो घर्म, परम्परा, रीतिरिवाजले वा आफै राजीखुसीले विवाह गरी श्रीमान् श्रीमतीको रूपमा घरजम गरी बसेको ३५ दिनभित्र स्थानीय निकायमा आफ्नो विवाहको दर्ता अनिवार्य रूपमा गर्नु पर्छ। उक्त म्याद भित्र विवाह दर्ता नगराएको भए जरिवाना तिरी दर्ता गराउन सकिन्छ।

## विवाह दर्ता गर्न किन आवश्यक छ ?

- बिवाह दर्ता गरेमा कानूनी रुपमा श्रीमान् श्रीमती विचको नाता सम्बन्ध स्थापित हुन्छ।
- बच्चाहरुको जन्मदर्ता गर्न सजिलो हुन्छ।
- श्रीमान्को नामबाट नागरिकता लिन सजिलो हुन्छ।
- बिवाह दर्ता गरेको अबस्थामा श्रीमान्ले बिवाह गरेको छैन भनी बहुबिवाह, ढाँटी बिवाह गर्न लागेमा यस्तो बिवाह नियन्त्रण गर्न, बिवाह गर्नेलाई सजायँ दिलाउन।
- यदि श्रीमान् श्रीमती बिच सम्बन्ध राम्रो हुन नसकेमा सम्बन्ध बिच्छेद गर्नु पर्ने अबस्था भएमा बिवाह दर्ताको कागज पेश गर्नु पर्छ।
- वैवाहिक सम्बन्ध राम्रो नभएको अबस्थामा अदालतमा अंश माग गर्नको लागि नाता प्रमाणित गर्नको लागि बिवाह दर्ताको प्रमाण आवश्यक हुन्छ। यसले कानुनी तथा पारिवारिक अधिकार सुनिश्चत गर्दछ।
- विवाहित महिलालाई विदेश भ्रमणको लागि आवश्यक कागजात तयार पार्न, पासपोर्ट लिन सजिलो हुन्छ।
- मानव वेचविखन तथा ओसार पसार नियन्त्रण गर्न सकिन्छ।

## मृत्यु दर्ता

कुनै घर परिवारका कुनै सदस्यको मृत्यु भएमा मृत्यु भएको ३५ दिनभित्र स्थनीय निकायमा मृतकको नजिकको नाता सम्बन्ध भएका व्यक्तिहरू गई मृतकको मृत्यु भएको प्रमाण (अस्पतालमा मृत्यु भएको भए त्यहाँबाट मृत घोषित गरेको कागज सहित) पेस गरी मृत्यु दर्ता गराउनु पर्छ।

## मृत्यु दर्ता गराउन किन आवश्यक छ ?

- मृत्यु सम्बन्धी कानुनी प्रमाणको लागि मृत्यु दर्ता गर्न आवश्यक हुन्छ।
- मृतक र उसको हकवालासंगको नाता सम्बन्ध प्रमाणित गर्नको लागि सजिलो हुन्छ।
- मृतकको मृत्यु दर्ता गराएको अवस्थामा मृतकको नाममा रहेको सम्पत्ति उसको हकवालामा नामसारी गर्न सजिलो हुन्छ।
- मृतकको नाम निर्वाचन आयोगको मतदाता नामावलीबाट हटाउन सकिने छ।
- जनगणनामा मृतकको नाम हटाई सहि जनसङ्ख्याको तथ्याङ्क प्राप्त गर्न सकिन्छ।
- यदि महिलाको श्रीमान्को मृत्यु भएकोमा निज महिलालाई एकल महिलाको भत्ता प्राप्त गर्न सरल हुन्छ।

- जालसाजी र झुठ्ठा काम कारबाहीमा नियन्त्रण हुनेछ ।

## सम्बन्ध विच्छेद दर्ता

विवाहित दम्पत्ति बिच आपसी सम्बन्ध राम्रो हुन नसकेमा त्यस्ता श्रीमान् श्रीमतीले कानुनीरुपमा वैवाहिक सम्बन्ध विच्छेद गर्नुलाई सम्बन्ध विच्छेद भनिन्छ । नेपालको कानुनले महिला र पुरुषलाई सम्बन्ध विच्छेद गर्न अधिकार दिएको छ । अदालतबाट सम्बन्ध विच्छेद भई सकेपछि महिला वा पुरुषले सम्बन्धित स्थानीय निकायमा गई अदालतबाट भएको फैसलाको कागज सहित सम्बन्ध विच्छेदको सूचना दर्ता गर्नु पर्छ ।

## सम्बन्ध विच्छेद दर्ता गर्न किन आवश्यक छ ?

- सम्वन्ध विच्छेदको कानुनी प्रमाणको लागि,
- नागरिकता, राहदानी बनाउन वा परिवर्तन गर्न,
- सम्वन्ध विच्छेद पश्चातको अधिकारको सुनिश्चित गर्न,
- अर्को बिवाह गर्न,

## नाता प्रमाणित दर्ता

घर परिवारमा कुनै सदस्यको नाममा सम्पत्ति रहेको छ र त्यस्तो सदस्यको मृत्यु भएमा त्यस व्यक्तिसँग सम्बन्ध भएका परिवारका सबै सदस्यहरू सम्बन्धित गा.वि.स वा नगरपालिका वा वडा कार्यालयमा गई मृत व्यक्तिसँग के नाता सम्बन्ध पर्ने हो, सो खुलाई नाता प्रमाणित दर्ता गर्नु पर्छ ।

## नाता प्रमाणित दर्ता गर्न किन आवश्यक छ ?

नाता प्रमाणित गरेको अवस्थामा मृत व्यक्तिको नाममा रहेको सम्पत्ति कस-कसलाई बाँडफाँड वा बण्डा गर्नु पर्ने हो, सो कुराको स्पष्टता हुन्छ ।

## हदम्याद

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना घटेको ३५ दिनभित्र सम्बन्धित स्थानीय निकायमा फारम भरी दर्ता गर्नु पर्छ ।

- व्यक्तिगत घटना नेपाल बाहिर घटेको रहेछ भने सो बमोजिमको घटनाको सूचना दिनु पर्ने व्यक्ति नेपालमा आएपछि ६० दिनभित्र सूचना दिनु पर्छ ।
- त्यस्तो सूचना दिनु पर्ने कर्तव्य भएको व्यक्तिले त्यस्तो सूचना दर्ता गराउनको लागि कुनै व्यक्तिलाई अधिकृत वारिस राख्न सक्ने छ ।
- सम्बन्धित निकायमा ३५ दिनभित्र आएका व्यक्तिहरुको रु.८/- (आठ) लिएर घटनाको दर्ता गरिदिनु पर्छ ।
- काबु बाहिरको परिस्थिति परी व्यक्तिगत घटना दर्ता गर्न नसकेको अवस्थामा बढीमा पचास रूपैयाँसम्म लिई दर्ता गर्नु पर्छ ।
- सम्बन्धित निकायले दर्ता गरिसकेपछि निःशुल्क प्रमाण-पत्र दिनु पर्छ ।
- यदि कसैको व्यक्तिगत घटना दर्ता प्रमाण-पत्र हराएको अवस्थामा पुनः सम्बन्धित निकायमा निवेदन दिई थप दस्तुर तिरेर अर्को प्रमाण पत्र लिनु पर्छ ।
- झूटो विवरण दाखिला गरी दर्ताको प्रमाण लिएको रहेछ भने सो कुरा प्रमाणित हुन आएमा त्यस्तो दर्ताको प्रमाण रद्द हुनेछ ।

## दर्ता भएको नाम, उमेर, जात निःशुल्क सच्याउन सकिने

- यदि कुनै जन्मेको बच्चाको नाम, उमेर, जात एक पटक दर्ता भई प्रमाण पत्र लिई सकेपछि फेरि सच्याउनु परेमा प्रमाण पत्र लिएको मितिले ६ महिनाभित्र सम्बन्धित पञ्जिकाधिकारीको कार्यालयमा तोकिएको ढाचाँमा दरखास्त दिन सकिने छ ।
- यसरी सच्याउनको लागि दरखास्त परिसकेपछि पञ्जिकाधिकारीको कार्यालयले छानबिन गरी उमेर, नाम, जात सच्याई दिन सक्ने छ ।

## दण्ड सजाय

- कसैले अरूलाई दुःख दिने वा व्यक्तिगत लाभ गर्ने नियतले झूटो व्यक्तिगत घटनाको सूचना दिएको प्रमाणित भएमा त्यस्तो झूटो सूचना दिने व्यक्तिलाई बढीमा रु.१०० सम्म जरिवाना वा १ महिनासम्म कैद वा दुवै सजाय हुनेछ र भइसकेको दर्ता रद्द हुनेछ ।
- कसैले व्यक्तिगत घटना दर्ता गराउन आउने व्यक्तिलाई दर्ता गराउन रोकेको वा छेकथुन वा भड्काएको ठहरेमा निजलाई बढीमा रु.२०० (दुई सय) सम्म जरिवाना हुनेछ ।

## नेपाल सरकार वादी हुने

यस्तो सजाय हुने मुद्दामा नेपाल सरकार वादी हुने छ ।

## मुद्दा हेर्ने अधिकारी र कारबाही

यस्ता प्रकारका मुद्दाहरू हेर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ । प्र.जि.अ. ले मुद्दा कारबाही गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिम कार्यविधि अपनाउने छ । प्र.जि.अ. ले गरेको निर्णय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने छ । ■

# कानुनी सहयोग तथा परामर्श केन्द्र


मानभवन, ललितपुर, पो.ब.नं. ३२१६, काठमाण्डौ, नेपाल ।

फोनः ५५४३१११, ५५४२९९९, फ्याक्सः ९७७-१-५५५२८१४

ईमेल : lacc@wlink.com.np

वेभसाईट : www.lacc.org.np


## ल्याक महिला हक हेल्प लाईन

झापा, चन्द्रगडी बस स्टप, कृषि विकास बैंक अगाडि

फोनः ०२३-४५६४२३

जनकपुर, उतिनपुर, नेपाल परिवार नियोजन संघ नजिकै

फोनः ०४१-५२४२४९

कास्की, पोखरा, टुरिष्ट बसपार्क, अगाडी

फोनः ०६१-४६४३९८

बाँके, नेपालगञ्ज, चारबाहिनी रोड, वडा नं. १२

फोनः ९८४८०२३५९९, ९८४८०५५८४२

बर्दिया, फोन : ९८४४८४१९९९

सुर्खेत, विरेन्द्र नगरपालिका वडा नं. ६, बुद्धपथ, पुरानो गुल्म

फोनः ०८३-५२०५१०

महेन्द्रनगर, कंचनपुर, भिमदत्त नगरपालिका

जिल्ला हुलाक कार्यालय संगै

फोनः ०९९-५२५८०३

## सम्पर्क नं. :

पाँचथर : ९७५२६०७५५०

कैलाली : ९८४८६६०३६६

सुनसरी : ९८५२०५४९३३

काभ्रे : ९८४१००००५

सिन्धुपाल्चोक : ९७४१०९७५७२